परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ३७ पृष्ठ ४ २०८२ मंसिर १२ गते, शुक्रबार 28 November, 2025 मूल्य रु. ५/- हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# नेकपा र जसपाको एकीकरण पक्षधर समूह लगाएतबीच एकता

टक नेपाल

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा)को एकीकरण पक्षधर समूहलगाएतबीच एकता भएको छ।

बिहीबार काठमाडौंको राष्ट्रियसभागृहमा आयोजित एक कार्यक्रमका बीच नेकपा, जसपा एकीकरण पक्षधर, जनजागरण पार्टी नेपाल, नेकपा बहुमत विद्रोही समूह र नेकपा(माओवादी) विद्रोही समूहबिच एकता घोषणा भएको हो । एकतामा आएका दलका नेताहरुलाई नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधव नेपाल, झलनाथ खनाल, बामेदव गौतम लगाएतका नेताहरुले पार्टीमा स्वागत गरेका थिए।

एकता कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका संयोजक प्रचण्डले युवाहरुलाई पार्टीमा आउन आह्वान गर्दै युवाहरुले उठाएका मुद्धालाई स्थापीत गर्ने पार्टी नेकपा मात्रै भएको बताउनुभयो । नेकपाको एकता कुनै आवेगमा गरिएको एकताको अभियान नभएको भन्दै राष्ट्रको स्वाधिनताको रक्षा, जनताको स्वभिमानको रक्षा गर्न देशभक्त कम्युनिष्टहरु एकै ठाँउमा आउनुपरेको उहाले बताउनुभयो । प्रचण्डले एमालेमा रहेका इमानदार, देशभक्त र क्रान्तिकारी नेताहरु बृहत् वामपन्थी एकतामा आउन अपिल गर्नुभयो । त्यस्तै नेपाली कम्युनिस्ट पार्टीका सह-संयोजक माधवकुमार नेपालले देशको अहिलेको




आवश्यकताका आधारमा कम्युनिष्ट पार्टीबीच बृहत एकता गरिएको बताउनुभयो । नेपाली विशेषताको वैज्ञानिक समाजवादको आधारमा दलहरुबीच साझा सहमति भएको भन्दै मुलुकको अर्थतन्त्रलाई दिगो र फराकीलो बनाउदै अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाले नेकपाको एकतापछि देशैभर उत्साह देखिएको दावी गर्नुभयो।

त्यस्तै नेकपामा प्रवेश गर्नुभएका नेता राजेन्द्र श्रेष्ठले सुशासन, समृद्धितर्फ मुलुकलाई अघि बढाउने कार्यभार नेकपाले मात्रै गर्न सक्ने भएकाले आफु सामेल भएको बताउनुभयो । मुलुक परिवर्तनमा गएपछि चाहेजस्तो उपलव्धी प्राप्त नभएकाले बाँकी कार्यभार प्राप्त गर्ने कार्यभार आफुहरुले पुरा गर्ने भन्दै उहाले त्यसका लागि युवाहरुसंग सहकार्य गर्दै अघि बढ्ने जिकिर गर्नुभयो । उहाले जेनजीलाई खिस्सिट्युरी गरेका कारण केपी ओली सत्ता छोडेर भाग्नुपरेको बताउनुभयो।

उहाले देशलाई अप्ठेरो परेका बेला हेलिकप्टर चढेर भाग्ने व्यक्तिले अव देशको नेतृत्व गर्न नसक्ने तर्क गर्नुभयो। कार्यक्रममा नेकपाले केहि युवाहरुलाई समेत पार्टी प्रवेश गराएको थियो।

## विवाह पञ्चमीमा ६३ चोर पाकेटमार पक्राउ

टक नेपाल

सीताराम विवाहपञ्चमी मेलाको क्रममा जिल्ला प्रहरी कार्यालय धनुषाले ६३ जना चोर पाकेटमारलाई पक्राउ गरेको छ । श्रद्धालुहरूको साथबाट चोरी र पाकेटमारीको घटनामा संलग्न रहेको आरोपमा ३७ भारतीय र २६ नेपाली नागरिक प्रहरीले पक्राउ गरेका छन् । जनकपुरधामको विभिन्न स्थानबाट ५० पुरुष र १३ महिला सहित ६३ जना चोर पाकेटमारलाई नियन्त्रणमा लिइएको धनुषाका डिएसपी गणेश भट्टले जानकारी दिएका छन् । उनीहरूमाथि चोरी, पाकेटमारी र लुटपाटका घटनामा संलग्न रहेको आरोप छ।

प्रहरीले पक्राउ परेकाहरुको साथबाट नगद १ लाख २७ हजार ८४ रूपैयाँ, १५ थान मोबाइल फोन, १२ थान मंगलसुत्र र अन्य सुन जस्तो गरगहना, तथा तीन थान चाँदीको अंगुठी बरामद गरेको छ । धनुषाका प्रहरी प्रमुख रुगम बहादुर कुँवरले मेलामा भीडभाडको फाइदा उठाएर यस्ता आपराधिक क्रियाकलाप गर्न सक्छन कुराको दृष्टिगत गर्दै सादा तथा पोशाकमा व्यापक संख्यामा प्रहरी परिचालन गरिएको थियो।

खासगरी तीर्थयात्रीहरु विश्राम गर्ने ठाउँमा सादा पोशाकमा प्रहरी परिचालन गरिएको थियो । सोही क्रममा ती चोर पाकेटमारहरु पक्राउ परेको बताए।

## रंगको आधारमा मधेशीलगायतका समुदायमाथि भइरहेको विभेद अन्त्य गरेरै छाड्ने : राष्ट्रीय उपाध्यक्ष डा. राउत




टक नेपाल

जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउतले नेपालमा वर्षौंदेखि मधेशी, थारु, आदिवासी-जनजाति लगायतका समुदायमाथि राज्य तथा शासक वर्गबाट नश्ल, रंग र वर्णको आधारमा दुर्व्यवहार हुँदै आएको स्पष्ट बताएका छन्।

मंसिर १० गते रंगभेदविरुद्ध एकता दिवसका अवसरमा सप्तरीको राजविराजमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले २०७१ मंसिर १० का दिन काठमाडौंको खुला मञ्चमा स्वतन्त्र मधेश गठबन्धनद्वारा आयोजित सभालाई असफल बनाउन रंगकै आधारमा भएको गिरफ्तारी नै दिवसको शुरुआतको प्रमुख कारण भएको स्मरण गराए। उक्त दिन संयोजक डा. सीके राउतसहित करिब चार सय सहभागीलाई केवल 'रंग हेरेर' गिरफ्तार गरिएको तथ्यलाई उनले राज्य संरचनामा गहिरोसम्म बसेको नश्लीय मानसिकताको प्रत्यक्ष उदाहरणका रूपमा व्याख्या गरे।

सुन्धारामा आफूलाई गिरफ्तार गने क्रममा राज्यबाट देखिएको रंगभेदी व्यवहारले मनोवैज्ञानिक रूपमा झट्का दिएको उल्लेख गर्दै डा. राउतले, "जबसम्म राज्य प्रणालीभित्र घुलमिल भएर बसेको यो नश्लीय सोच, संरचना र व्यवहार अन्त्य हुँदैन, तबसम्म समुन्नत र समृद्ध समाज निर्माणको आधार खडा हुन सक्दैन," भने।

जनमत पार्टीले प्रत्येक वर्षझैं यस वर्ष पनि देशभर विभिन्न जिल्लामा रंगभेदविरुद्धका कार्यक्रमहरू भव्य रूपमा सम्पन्न गरेको जानकारी उनले दिए।

राजविराजको कार्यक्रममा प्रमुख अतिथि रहेका डा. राउतले मधेशी मूलका नागरिक तथा उनका सन्तानमाथि भाषाबोली, भेषभूषा, रंग, नागरिकता र राष्ट्रियताको नाममा हुने विभेदपूर्ण व्यवहार रोक्न नेपाल सरकारले 'रंगभेद विरुद्धको ऐन' तत्काल ल्याएर कडाइका साथ कार्यान्वयन गर्नुपर्ने माग समेत गरे।

यसअघि २०८० मंसिर ६ गते प्रतिनिधि सभाका सांसद तथा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले संघीय संसदमा मंसिर १० लाई 'रंगभेदविरुद्ध एकता दिवस' का रूपमा सरकारी रूपमा घोषणा गर्न र संसद्ले सामूहिक रूपमा रंगभेद अन्त्य गने राष्ट्रिय संकल्प लिनुपर्ने मागसहित संकल्प प्रस्ताव दर्ता गरिसकेका छन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# महिला हिंसाका डिजिटल आयाम

महिलाले सदियौंदेखि आफ्ना घरपरिवार र समाजमा अनेकौं भौतिक हिंसा खेप्दै आएका छन्। डिजिटल दुनियाँमा बढ्दो उपस्थिति, उपयोग र प्रभावपछि भने त्यस्तो हिंसा त्यहाँ पनि विस्तारित भएको छ। महिलाहरू आफ्नै श्रीमान्, प्रेमी, साथी, छिमेकी, आफन्त जस्ता चिनेजानेकै वा विश्वास गरिएकै पात्रबाट समेत हिंसामा परिरहेका छन्।

जसले गर्दा उनीहरूको अन्य सम्बन्ध, आत्मसम्मान, सामाजिक प्रतिष्ठा, मानसिक स्वास्थ्य, उत्पादनशीलता बिथोलिएका छन्। डिजिटल दुनियाँ अहिलेको यथार्थ भएकाले यसलाई बेवास्ता गर्न सकिने अवस्था छैन तर यो महिलाका निम्ति सुरक्षित पनि छैन।

त्यसैले डिजिटल दुनियाँलाई कसरी सुरक्षित र हिंसारहित बनाउने भन्नेमा सरोकारवाला सबैले गम्भीरतापूर्वक सोच्न आवश्यक छ। बलिया कानुन निर्माण र चुस्त कार्यान्वयन प्रारम्भिक पहलकदमी हुन सक्छ। यद्यपि, समाजमा रहेको महिलाद्वेषी चिन्तन र हिंसाकै तहमा पुग्ने मनोवृत्ति न्यूनीकरणका लागि भने विवेकी समाज नै निर्माण गर्नुपर्छ। त्यसका लागि राज्यले शिक्षादेखि पूर्वाधारसम्ममा लगानी बढाउनुपर्छ।

राष्ट्रसंघले विश्वव्यापी रूपमा सबैभन्दा धेरै हुने मानवअधिकार उल्लंघनका घटनामध्ये महिला र बालबालिकाविरुद्धको हिंसा प्रमुख रहेको जनाएको छ। यूएनका एजेन्सीहरूले संकलन गरेको तथ्यांकअनुसार विश्वका ३८ प्रतिशत महिलाले अनलाइन हिंसा भोगेका छन् भने ८५ प्रतिशतले अरूमाथि डिजिटल हिंसा भएको देखेका छन्। वार्षिक तथ्यांकहरू हेर्दा नेपालमा महिलामाथि हुने डिजिटल हिंसा बढिरहेको पाइन्छ। २०८१/८२ मा ८ हजार ४ र २०८०/८१ मा ९ हजार महिलाले साइबर ब्युरोमा उजुरी दिएका थिए। आर्थिक वर्ष २०८२/८३ को कात्तिक मसान्तसम्म ब्युरोमा महिला हिंसासम्बन्धी करिब २ हजार ९ सय उजुरीहरू परेका छन्।

शिक्षित हुन् वा नहुन्, सहरी क्षेत्रमा बसोबास गरून् वा ग्रामीण क्षेत्रमा, गुमनाम हुन् वा सेलेब्रिटी, रोजगार होऊन् वा बेरोजगार, सांसद हुन् वा मतदाता, सबै किसिमका महिला डिजिटल हिंसाका सिकार भएका छन्। खासगरी खराब मनोवृत्तिका पुरुष, जो श्रीमान्, प्रेमी, साथी वा आफन्त जस्ता आवरणमा रहन्छन् तर हिंसा गर्छन्। वा चिनेजानेकै नभए पनि प्रविधिका अनेकौं सुविधालाई महिलामाथि हिंसा थोपर्न प्रयोग गरिएका छन्।

महिलाविरुद्ध 'साइबर बुलिङ', घृणास्पद अभिव्यक्ति, 'ट्रोलिङ', अनलाइन धम्की, 'रिभेन्ज पोर्न', 'एआई-जेनेरेटेड डिपफेक' र चरित्र हत्याजस्ता दुर्व्यवहार हुने गरेका छन्। यसले व्यक्तिको आत्मसम्मान र प्रतिष्ठामाथि प्रहार गर्छ। एउटा लयमा चलिरहेको दैनिकीलाई डिजिटल दुनियाँमा हुने हिंसाले यसरी छिन्नभिन्न बनाउँछ कि, पीडितलाई गहिरो मानसिक आघातमा पुर्‍याउँछ। गल्ती नै नगरिएको भए पनि सजाय भोग्न बाध्य बनाउँछ। अर्कोतर्फ, परिवार र समाजले पनि पीडितलाई नै दोषी देखाउँछ। यसरी व्यक्तिगत आत्मसम्मान र प्रतिष्ठामाथि असर पर्नुत छँदै छ। पारिवारिक र सामाजिक सम्बन्धमा पनि असर पर्ने गरेको छ। यो स्थितिको अन्त्य जरुरी छ।

डिजिटल हिंसालाई न्यूनीकरण गर्न सरकारका नीति हिंसाप्रति शून्य सहनशील हुनुपर्छ। महिलालाई डिजिटल दुनियाँ सुरक्षित छ भन्ने अनुभूति दिलाउने खालको हुनुपर्छ। त्यसका लागि कानुनी अस्त्र नै बलियो र स्पष्ट बनाउनुपर्छ। जबकि, नेपालमा साइबर अपराधलाई सम्बोधन गर्ने बलियो र सान्दर्भिक कानुन छैन। विकल्पमा, अनलाइन कारोबार नियमन गर्न बनाइएको विद्युतीय कारोबार ऐनलाई नै साइबर अपराध नियमनमा प्रयोग गर्ने गरिएको छ।

धेरै ढिला गरी आएको तर प्रतिनिधिसभामा छलफलका क्रममा रहेको साइबर कानुन (सूचना प्रविधि विधेयक) संसद् नै भंग भएकाले हाल शून्य अवस्थामा पुगेको छ। त्यसैले आगामी संसद्को पहिलो प्राथमिकतामा डिजिटल हिंसालाई कठोर सजाययुक्त कानुन निर्माण पर्नुपर्छ।

कानुनी व्यवस्थाको राम्रोसँग सम्प्रेषण गरिनुपर्छ। साथसाथै, उजुरी दिने निकायलाई पीडितमैत्री बनाउनुपर्छ। सहज पहुँचयुक्त बनाउनुपर्छ। अनुसन्धान गर्ने निकायमा उच्च प्रविधिको प्रयोग सम्भव तुल्याउनुपर्छ। प्रविधिमैत्री दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्छ। समग्रमा उजुरी दिनेदेखि न्यायिक निरूपणसम्मका प्रक्रियालाई सहज बनाउनुपर्छ। अदालत पुगेका मुद्दाले पनि अग्राधिकार पाउनुपर्छ।

डिजिटल हिंसाका धेरै घटनामा राम्रो सम्बन्ध हुँदा आदानप्रदान गरिएका 'डकुमेन्ट', तस्बिर वा भिडियोहरूको दुरुपयोग गरी धम्क्याउने, गाली बेइज्जती गर्ने वा अश्लील सन्देश पठाउने (सेक्सटिङ) जस्ता गतिविधिहरू धेरै देखिन्छन्। त्यसका लागि कानुनी रूपमा कारबाही गर्ने विषय छँदै छ। यो व्यक्तिगत सचेतताको विषय पनि हो। सेयर गर्ने तस्बिर वा गफगाफका विषयको दीर्घकालीन मूल्यांकन गर्नुपर्छ। सम्बन्ध सधैं राम्रो नहुन सक्ने र त्यस्तो अवस्थामा दुरुपयोग हुन सक्नेतर्फ पहिल्यै सचेत हुनुपर्छ।

विश्वासपूर्ण सम्बन्धमा अविश्वासको अवस्था सबैले परिकल्पना नगर्न सक्छन् र सचेत पनि नहुन सक्छन्। त्यसैले सरकारले डिजिटल साक्षरता बढाउनुपर्छ। विद्यालय र विश्वविद्यालयमा यसबारे अध्ययन गराउनुपर्छ। हिंसा किन गर्नु हुँदैन, हिंसामा पर्नबाट कसरी जोगिने र हुन सक्ने हिंसालाई कसरी 'डिल' गर्ने भन्ने पक्षमा चेतना बढाउनुपर्छ।

त्यसका लागि डिजिटल प्लाटफर्मदेखि अन्य सार्वजनिक माध्यममा सूचना दिइराख्नुपर्छ। सेलेब्रिटी, सरकारी तथा गैरसरकारी संस्थाका प्रभावशाली व्यक्ति, सार्वजनिक छवि भएका व्यक्तिहरूले पनि डिजिटल हिंसाविरुद्ध अभिव्यक्ति दिइराख्नुपर्छ। हरेक परिवारले यसबारे छलफल गर्नुपर्छ।

# राप्रपाको कार्यसम्पादन समिति बैठक बस्दै, कञ्चन बिच्छा पदमुक्त हुने !

● टक नेपाल

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को केन्द्रीय कार्यसम्पादन समितिको बैठक आज धुम्बारहीमा दिउकसो १ बजे बस्दैछ।

बैठकमा समसामयिक परिस्थितिको विश्लेषण, पार्टीको रणनीति निर्माण, आसन्न केन्द्रीय समिति बैठकका एजेण्डा तय, पार्टीभित्र आन्तरिक एकता कायम गर्दै सबै तहको अधिवेशन सम्पन्न गर्ने विषयमा छलफल हुने बताइएको छ। निर्वाचन भए पार्टीको भूमिका र सहभागिताबारे पनि छलफल हुने बताइएको छ।





# बारामा प्रहरीले रोक्यो बालविवाह, चिनियाँ बेहुलासहित तीन जना पक्राउ

● टक नेपाल

बारामा प्रहरीले चिनियाँ र मुस्लिम बालिकाबीचको बालविवाह रोकेको छ। करैयामाई गाउँपालिका-१, हरैयाबाट बुधवार मध्यरातिा चिनियाँ नागरिकले मुस्लिम समुदायकी एक नेपाली नाबालिगसँग बालविवाह गर्ने क्रममा बेहुला-बेहुली र बेहुलीका बाबुलाई नियन्त्रणमा लिएको हो। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय कलैयामा राखी थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले बताए।



उनीहरूको नाम भने खुलाइएको छैन। 'तर अनमेल तथा बालविवाह हो, होइन ? र के उद्देश्यले त्यसरी विवाह गर्न खोजिएको हो भन्ने विषयमा गहिरो अनुसन्धान भइरहेको छ,' उनले भने। प्रारम्भिक अनुसन्धान अनुसार चिनियाँ नागरिकसँग पासपोर्ट र भिसा रहेको उनले बताए।

'मध्यराति गाउँबाटै बेहुला-बेहुलीलाई समातेर ल्याइएको हो,' उनले भने, 'त्यस गाउँ वरिपरि केही वर्षयता यस्तै चिनियाँ नागरिकसँग मुस्लिम समुदायका महिलाले विवाह गर्ने गरेको सूचना प्राप्त भएको छ, त्यसैले यो विषयमा गहिरो अनुसन्धान गर्दैछौं।' स्थानीय बासिन्दाका अनुसार मधेसमा भारतमा विवाह गर्ने चलन पहिलादेखि रहे पनि चिनियाँ नागरिकसँग विवाहका घटना नयाँ भएका छन्। यस विवाहले गाउँमा धेरैलाई अचम्मित बनाएको छ। एक स्थानीय बासिन्दाका अनुसार यस्ता विवाह आर्थिक प्रलोभनमा बिचौलियाले गराइदिने गरेका छन्। एक वर्षयता त्यस गाउँमा ३ वटा विवाह चिनियाँ नागरिकसँग भएका पाइएको छ। बेहुलीका बाबु जाकिर हुसेन, चिनियाँ नागरिक र बेहुलीसहित ३ जना पक्राउ परेका हुन्। उनीहरूलाई छुटाउन जनप्रतिनिधिहरू प्रहरीमा पुगेका थिए। वडाध्यक्ष सोनालाल साहका अनुसार विवाह गर्ने उद्देश्यले चिनियाँ नागरिक बेहुलीको घरमा आएको बताए। केटाको २२ वर्ष र केटीको २० वर्ष उमेर पुगेको अवस्थामा विवाह गर्ने कानुनी व्यवस्था भए पनि केटीको उमेर १८ वर्ष भएको वडाध्यक्ष साहले बताए।

'यो नयाँ प्रकारको विवाहले म पनि अचम्मित भएको छु,' उनले भने। काठमाडौंमा बेहुलीका आफन्त बस्दै आएका र उतैको पहुँचबाट गाउँमा विवाह सम्बन्ध रचिएको वडाध्यक्ष साहले बताए।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन्। त्यस्ता स्थलहरू गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन्। यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरूमा फोहोर नगरौं। ऐतिहासिक तथा दुर्लभ सम्पदाहरूको क्षति हुन नदिन सजग रहौं। स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं। हाम्रा प्रदेशका स्थलहरूमा आउने पर्यटकहरूसँग मैत्रीपूर्ण व्यवहार गरौं। पर्यटक हाम्रा पाहुना हुन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं।

एकडारा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# नेकपा प्रवेशपछि मुस्कान खातुनले भनिन्– मेरो अनुहार जलाउनेले सपना जलाएको छैन

टक नेपाल

नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश गरेकी मुस्कान खातुनले आफूमाथि तेजाब आक्रमण गर्नेले अनुहार जलाएको भए पनि आफ्नो सपना नजलेको बताएकी छिन् । बिहीबार राष्ट्रिय सभागृहमा आयोजित एकता घोषणा कार्यक्रममा सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएकी हुन् ।



'जाँदाजाँदै के भन्न चाहन्छु भने, जसले मलाइ तेजाब आक्रमण गरेको थियो । उसले मेरो अनुहार जलाएको छ, मेरो सपना जलाएको छैन,' उनले भनिन् ।

साथै, उनले सबै जेनजी पुस्तालाई एक ठाउँमा उभिन पनि आग्रह गरिन् ।

'सम्पूर्ण जेनजीलाई के भन्न चाहन्छु भने जसरी अघि आउनुभएको छ, यो पाइला पछि नपार्नुहोला । अवश्य पनि देश परिवर्तन हुनेछ,' उनले भनिन् ।

उनले देशमा तेजाब आक्रमणको मात्रै नभइ धेरै हिंसा दिदिबहिनीहरूले खेप्नुपरेको जिकिर गरिन् ।

'यो हिंसालाई अन्त्य गर्नुपर्छ भनेर म पाँच वर्षसम्म लगातार लागिरहेँ । तेजाब आक्रमणलाई अन्त्य गर्न सफल पनि भएँ । तर मलाई के लाग्छ भने तेजाब आक्रमण मात्रै हिंसा होइन,' उनले भनिन्, 'यस्ता धेरैवटा हिंसा छ, जुन दिदीबहिनीले खेप्नुपरेको अवस्था छ । सम्पूर्ण प्रकारका हिंसालाई अन्त्य गर्न जरुरी छ ।'

**यस्तो छ मुस्कानको सम्बोधन :**

मेरो नाम मुस्कान खातनु हो । म तेजाब आक्रमणको अभियन्ता तथा मानव अधिकारकर्मी । आजभन्दा पाँच वर्षअघि मसँग तेजाब आक्रमण भएको थियो । यो हिंसालाई अन्त्य गर्नुपर्छ भनेर म पाँच वर्षसम्म लगातार लागिरहेँ । तेजाब आक्रमणलाई अन्त्य गर्न सफल पनि भएँ । तर मलाई के लाग्छ भने तेजाब आक्रमण मात्रै हिंसा होइन । यस्ता धेरैवटा हिंसा छ, जुन दिदीबहिनीले खेप्नुपरेको अवस्था छ । सम्पूर्ण प्रकारका हिंसालाई अन्त्य गर्न जरुरी छ । आज म जेनजी भएकाले सम्पूर्ण जेनजीको विचार बुझेको कुरा भन्न चाहन्छु ।

जेनजीले चाहेको हाम्रो देश प्रगति होस् । हाम्रो देशमा भएको भ्रयष्टाचारको अन्त्य होस् भन्ने चाहना छ । म नेपाली कम्युनिस्ट पार्टीमा म जोडिएको छु । सम्पूर्ण जेनजीलाई अनुरोध गर्छु कि हामी एकता हुन जरुरी छ । हामी एकता भयौं भने हाम्रो देश प्रगति हुनेछ । भ्रष्टाचारको अन्त्य हुनेछ । अवश्य पनि भ्वाइलेन्सको पनि अन्त्य हुनेछ । हामी एकजुट भएर काम गरौं । देशका लागि बाचौं, देशका लागि मरौं । म नेपाली भएर कारणले गर्दा सबैभन्दा पहिला चिनिने हाम्रो देश हो । हामी नेपाली हुँ भनेर गर्व गर्न जरुरी छ । माटोलाई पहिचान गर्न जरुरी छ । जुनसुकै देशमा भए पनि म नेपाली हुँ भनेर प्राउड फि गर्न जरुरी छ । त्यसैगरी यहाँ हाम्रो उपस्थित हुनुभएका प्रचण्ड, माधव कुमार नेपालज्यूलाई धेरै धेरै धन्यवाद ।

जाँदाजाँदै के भन्न चाहन्छु भने, जसले मलाइ तेजाब आक्रमण गरेको थियो । उसले मेरो अनुहार जलाएको छ, मेरो सपना जलाएको छैन । सम्पूर्ण जेनजीलाई के भन्न चाहन्छु भने जसरी अघि आउनुभएको छ, यो पाइला पछि नपार्नुहोला । अवश्य पनि देश परिवर्तन हुनेछ ।

# जसपा नेपालद्वारा प्रधानमन्त्रीलाई ज्ञापन पत्र

टक नेपाल

मुलुकको वर्तमान राजनीतिक, सामाजिक र आर्थिक परिस्थितिका बारेमा चिन्ता व्यक्त सहित विभिन्न माग अघि सार्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले प्रधानमन्त्रीलाई ज्ञापन पत्र पेश गरेको छ । जसपा नेपालले मुलुकमा उत्पन्न अन्योलपूर्ण परिस्थितिको समाधानका लागि २३ बुँदे मागसहित धनुषाको प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेल मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्रमा जसपाले संविधान संशोधन र पुनर्लेखनको माग गर्दै मुलुकमा वास्तविक संघीयता लागु गर्न र सामाजिक न्याय सुनिश्चित गर्न आग्रह गरेको छ ।

आगामी समयमा मुलुकका लागि न्यायपूर्ण, समावेशी र समानुपातिक प्रतिनिधित्वको आवश्यकता र सबै समुदायको अधिकारलाई सुनिश्चित, दलित, आदिवासी जनजाति, मुस्लिम, महिला र अन्य उत्पीडित समुदायहरूका लागि संविधानमा विशेष व्यवस्था गर्नुपर्ने लगायतका माग गरेको छ । राष्ट्रिय समस्याहरूको समाधानका लागि संविधानमा संशोधन गरिनु आवश्यक रहेको जनाउँदै त्यसले राष्ट्रिय र जातीय पहिचानको सम्मान गर्ने गरी राज्य पुनर्संरचना गर्नुपर्ने माग पनि अघि सारेका छन् ।


यस्तै प्रदेशहरूलाई स्वायत्त र अधिकार सम्पन्न बनाइ संघीय संरचनामा सुधार ल्याउनुपर्ने ठहर छ । समान जनसङ्ख्यामा आधारित निर्वाचन क्षेत्र निर्धारण गर्न र हिमाली क्षेत्रको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग पनि गरेका छन् । पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागु गर्नुपर्ने कुरामा जोड दिदैं आर्थिक, सामाजिक र राजनीतिक रूपले बञ्चित समुदायहरूलाई मुख्यधारमा ल्याउन, शिक्षा र स्वास्थ्य सेवामा माफियाकरणको अन्त्य र सबै नागरिकलाई समान अवसर उपलब्ध गराउनु पर्ने माग गरेको हो ।

आदिवासी जनजातिलाई विशेष अधिकार र सुरक्षाको प्रत्याभूतिसहित संविधानमा त्यसको स्पष्ट व्यवस्था, कृषिको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गर्न र किसानलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन सरकारलाई दबाब, बेरोजगार युवाका लागि रोजगारीको व्यवस्था र युवाहरूको स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने माग गरेको छ ।

जसपा नेपालले ज्ञापनपत्र मार्फत विगतका सरकारहरूको भ्रष्टाचार र खराब शासकीय प्रथालाई कडा आलोचना गर्दै भ्रष्टाचारका काण्डहरूमा छानबिन र दोषीमाथि कडा कारवाही गर्नुपर्ने सहित नेपालका विभिन्न तहका सरकारहरूलाई बलियो र प्रभावकारी बनाउन, उनीहरूको कार्यक्षेत्रमा विविधता र समावेशिता ल्याउनका लागि ठोस कदम चाल्नुपर्ने माग गरेका छन् ।

जसपा नेपालले पछिल्लो पटक गरेको केन्द्रिय अनुसार धनुषासहित प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई सो २३ बुँदे माग सहितको ज्ञापन पत्र बुझाएको हो ।



# कांग्रेसमा चुलियो आन्तरिक संकट



● टक नेपाल

नेपाली कांग्रेसको चुनावअघि महाधिवेशन गर्ने विषयले आन्तरिक विवाद हुँदा पार्टीभित्र संकट चुलिएको छ । महाधिवेशनको एजेण्डामा सहमति खोजेर निर्णय लिनका लागि चारदिन केन्द्रीय समिति बैठक पर सारिएपनि प्रगति नभएको नेताहरूले बताएका छन् ।

६ मंसिरमा बसेको केन्द्रीय समितिको बैठकमा महाधिवेशनको एजेण्डामा सहमति खोजेर पुनः बैठक बस्ने निर्णयहरू सार्वजनिक गरिएको थियो ।

केन्द्रीय समितिको बैठक बस्नु अघिल्लो रात बुधबारसम्म सहमति जुट्न नसकेसँगै केन्द्रीय समितिको बैठक एकदिन पर सारिएको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले बुधबार छलफल गरेका थिए । नेताहरू सहमतिमा पुग्न नसकेपछि मंसिर ११ को बैठक एकदिन पर सारिएको हो ।

पार्टीभित्र चुनावअघि महाधिवेशन गर्ने मुद्धाले दुई पक्ष थप ध्रुवीकृत भएको छ । संस्थापनइतरका नेताहरूका अनुसार सहमति जुट्न नसक्नुमा स्वयं सभापति शेरबहादुर देउवा बाधक भएकाले निकास निस्कन सकेको छैन ।

२८ असोजमा कार्यवाहक सभापतिको पूर्णबहादुर देउवालाई जिम्मेवारी दिएपनि उनी क्रियाशील भइरहेको संस्थापनइतरका एक नेताले दाबी गरे । १० कात्तिकमा उपचारका लागि सिंगापुर गएदेखि नै आफू पक्षीय नेताहरूसँग संवादमा रहेर महाधिवेशनको विपक्षमा माहोल खडा गरेको पार्टीभित्र बुझाइ छ ।

कांग्रेसका कार्यसम्पादन समितिका एक सदस्यले भने,‘ सभापति पदबाट तपाईं बाहिरिन परे कमजोर हुनुहुन्छ । अप्ठ्यारो पार्छन् भनेर उनलाई सुनाउनेहरू छन् । सभापतिबाट हट्दा आफ्नो शक्ति घट्ने देउवाको बुझाईले समस्या बढेको छ ।’

सभापति देउवाले विशेष महाधिवेशनको प्रस्ताव फिर्ता लिनुपर्ने आफ्ना निकटवर्ती मार्फत विशेष महाधिवेशन पक्षधरलाई पठाएको नेताहरूले जानकारी गराएका छन् ।

पुसभित्र नियमित महाधिवेशन भए विशेष महाधिवशेनको माग स्वतः खारेज हुने विशेष महाधिवेशन पक्षधरको निचोड छ ।

विशेष महाधिवेशनको प्रस्ताव कुनै नेता विशेषको वसमा नरहेको हुँदा फिर्ता गरेर नहुने केन्द्रीय सदस्य मधु आचार्य बताउँछन् । नियमित महाधिवेशन गर्ने भन्दै कार्यतालिका ल्याएर विशेष महाधिवेशनको समय घर्काउने रणनीति संस्थापन पक्षले बनाएको भन्दै प्रस्तावकर्ताहरू रुष्ट बनेका छन् ।

२८ असोजदेखि केन्द्रीय समितिको बैठक आव्हान गरेर रोकिँदै बस्दै आएपनि मूल एजेण्डामा सहमति जुट्न सकेको छैन । केन्द्रीय समिति बैठक स्थगित गरेर शीर्ष तहमा सहमति खोज्न नेताहरू पटक पटक छलफल गरेपनि निकास भने निस्केको छैन ।

महामन्त्री गगन थापाले बैठकमा पेश गरेको पुस १६ देखि १९ सम्म नियमित महाधिवेशन गर्ने प्रस्तावबारे पार्टी केन्द्रीय समितिले निर्णय लिन सकेन । उनको प्रस्तावलाई काउन्टर दिने गरी संस्थापन पक्षबाट सहमहामन्त्री महेन्द्र यादवले चुनावपछि महाधिवेशनपछिको कार्यतालिका ल्याए ।

अर्कोतर्फ, विशेष महाविधवेशनका लागि २४८८ महाधिवेशन प्रतिनिधिले गरेको हस्ताक्षर केन्द्रीय कार्यालयमा पेश भएको छ । पार्टीभित्र दुईतर्फी प्रस्तावले विग्रह ल्याउने विश्लेषणसहित कार्यवाहक सभापति पूर्णबहादुर खड्काले कुनै पनि प्रस्तावलाई अघि नबढाउने शीर्ष तहका नेताहरूलाई जानकारी गराएका थिए ।

पार्टी अनिर्णयको बन्दी हुँदै गर्दा र एक पक्षसँग अर्को पक्ष नगल्ने अवस्थाले वादविवाद र आरोप प्रत्यारोपमा नेताहरू उत्रन थालेका छन् ।

संस्थापन पक्षका नेताहरू महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा विरुद्ध सामाजिक सञ्जाल मार्फत खनिन थालेका छन् ।

केन्द्रीय सदस्यहरू जीतजंग बस्नेत, कल्याण गुरुङ लगायतले सामाजिक सञ्जालबाट विशेष महाधिवेशन हुनै नसक्ने दाबी गदै ‘ विचार राखेका छन् । अर्कोतर्फ, विशेष महाधिवेशन पक्षधरले थप आक्रामक शैलीमा आफूलाई प्रस्तुत गरिरहेको छ ।

विशेष महाधिवेशन पक्षधरले दबाबका लागि बुधबार काठमाडौंमा विशेष सभा आयोजना गरेको थियो । शुक्रबार बस्ने केन्द्रीय समिति बैठकले विशेष महाधिवशेनका लागि ठोस निर्णय लिन नसके थप दबाब कार्यक्रम ल्याउने उक्त पक्षका नेताहरूले जानकारी गराएका थिए ।

विशेष महाधिवेशनको लागि हस्ताक्षरमा अगुवाई गर्ने मध्येका एक बलदेव तिमिल्सिनाले महाधिवशेन प्रतिनिधिहरूलाई काठमाडौं डाकेर थप दबाब कार्यक्रम गरिने जानकारी गराए । उनी भन्छन्,‘महाधिवेशन नगने ‘ गरी ल्याउने कार्यतालिका मान्य हुँदैन । समयको पनि घर्किँदै गयो । अब विशेष महाधिवेशनको दबाबका लागि काठमाडौं बाहिरबाट प्रतिनिधिहरू बोलाउँछौं ।’

# भावी प्रधानमन्त्री को ?

● डा. मुकेशराज काफ्ले



आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुँदैछ । तोकिएको मितिमै चुनाव भयो भने अबको तीन/चार महिनापछि देशले नयाँ प्रधानमन्त्री पाउने छ । तर, प्रश्न अनुत्तरित नै छ- देशले अब कस्तो प्रधानमन्त्री पाउला ?

लोकतान्त्रिक देशहरूमा प्रायः चुनावअघि नै भावी प्रधानमन्त्री वा राष्ट्रपतिको सम्भावित उम्मेदवार थाहा हुन्छ । राजनीतिक दलहरूले चुनावमा जाँदाखेरि नै फलाना नेता सरकार प्रमुख बन्नेछन् भनेर जनतासँग भोट माग्छन् ।

जस्तो- छिमेकी भारतमा बीजेपीले गत वर्ष पनि नरेन्द्र मोदीलाई नै भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर चुनाव लडेको थियो । भारतीय कंग्रेसले राहुल गान्धीलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर भोट मागेको थियो । जापानमा हालै सम्पन्न चुनावमा को नेता प्रधानमन्त्री बन्दैछ भन्ने जनतालाई लगभग पूर्वानुमान थियो ।

नेपालमा ०५१ सालको मध्यावधि चुनावमा एमालेले मनमोहन अधिकारीलाई ‘भावी प्रधानमन्त्री’का रूपमा प्रस्ताव गरेको थियो । एमाले ठूलो दल बन्यो र ९ महिना अल्पमतको सरकार चलायो । मनमोहन अधिकारी पहिलो कम्युनिस्ट प्रधानमन्त्री बन्न सफल भए । केपी ओली त्यसबेला गृहमन्त्री बनेका थिए ।

आफ्नै सरकार ढलेर मध्यावधि चुनावमा गएपछि गिरिजाप्रसाद कोइराला अलोकप्रिय बने । ०५१ सालको मध्यावधि चुनावमा कांग्रेस दोस्रो दलमा खुम्चियो । अन्ततः ०५६ को चुनावमा कांग्रेसले कृष्णप्रसाद भट्टराईलाई ‘भावी प्रधानमन्त्री’ घोषणा गरेर जनतासँग मत माग्यो र बहुमतको सरकार बनाउन सफल भयो ।

पहिलो संविधानसभा चुनावमा माओवादीले प्रचण्डलाई भावी प्रधानामन्त्री मात्र होइन, भावी राष्ट्रपतिकै रूपमा प्रचार गर्‍यो र होडिङ बोर्डहरू बनायो । यही कारण माओवादीका आलोकचकहरू कहिलेकाहीँ ‘भित्ते राष्ट्रपति’ भनेर प्रचण्डलाई जिस्क्याउँछन् । भलै, त्यसयताका सबै चुनावमा माओवादीले प्रचण्डलाई नै भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेर चुनाव लड्दै आएको छ । नेकपा एमालेले पनि करिब १० वर्षदेखि अध्यक्ष केपी शर्मा ओलीलाई नै ‘भावी प्रधानमन्त्री’का रूपमा अगाडि सारेर चुनाव लड्दै आएको छ । कांग्रेसले यसअघि शेरबहादुर देउवालाई ‘भावी प्रधानमन्त्री’ का रूपमा प्रस्तुत गर्दै आएको छ । यद्यपि ०७९ सालको चुनावमा गठबन्धन गरेका कांग्रेस-माओवादीले भावी प्रधानमन्त्री आलोपालो गर्ने भनेर भोट मागेका थिए ।

**अब को बन्ला प्रधानमन्त्री ?**

आगामी चुनावमा कुन पार्टीले कसलाई ‘भावी प्रधानमन्त्री’का रूपमा प्रस्तुत गरेर जनतामा भोट माग्लान् ? यो प्रश्न अहिलेसम्म अनुत्तरित नै छ ।

नेपाली कांग्रेसले शेबहादुर देउवालाई नै भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्छ या अरू कोही व्यक्तिको नाम अगाडि सार्छ ? कि कांग्रेस अझै पनि नेतृत्वको सवालमा अस्पष्ट नै बनेर चुनावमा जान्छ ?

अहिले युवाको हस्तक्षेप बढेका बेला कांग्रेसले गगन थापाको पुस्ताका नेतालाई ‘भावी प्रधानमन्त्री’ गर्न सक्छ ? अथवा, शेरबहादुर या पूर्णबहादुरलाई प्रधानमन्त्री बनाउनका लागि मत देऊ भनेर जनतालाई अपील गर्छ ?

हुन त कांग्रेसमा पार्टी शेखर कोइरालाले चलाउने, सरकार गगन थापाले चलाउने गरी छलफलसमेत चलिरहेको नेताहरू बताउँछन् । डा. शेखर कोइराला आफैं पनि प्रधानमन्त्रीका दाबेदार हुन् ।

नेकपा एमालेमा निरपेक्षरूपमा भावी प्रधानमन्त्री केपी शर्मा ओली नै अगाडि सर्ने निश्चित छ । तर, ओलीको नाम लिएर चुनावमा जाँदा भोट घट्छ भन्ने मत पनि एमालेभित्र छ । यदि ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अघि नसार्ने हो भने एमालेले देखाउने भावी प्रधानमन्त्री को ? विद्या भण्डारी ? ईश्वर पोखरेल ? या अरु नै कोही ?

अहिलेसम्म एमालेले केपी ओलीको भरपर्दो विकल्प दिन सकेको देखिँदैन । तर, भर्खरै सत्ताबाट बाहिरिएको एमालेका लागि केपी ओलीकै ‘फेस’ लिएर चुनावमा जाँदा सजिलो भने देखिँदैन । केपी ओलीलाई मन पराउनेहरू धेरै छन् तर थपिएका ८ लाख मतदातामा ओली अलोकप्रिय बनेका छन् । उनको लोकप्रियता ०७४ र ०७९ सालको जस्तो छैन । कतिपय मानिसहरूको अनुमान के छ भने आगामी चुनावमा कांग्रेस र एमाले मिलेर अघि बढ्ने सम्भावना छ । घोषित गठबन्धन नगरे पनि गुम्न लागेको शक्ति बचाउनका लागि चुनावमा एकले अर्कालाई सघाउने र चुनावपछि कांग्रेस-एमालेकै सरकार बनाउने तयारीमा पनि ओली र देउवा लागिरहेको सूत्रहरूको दाबी छ । तथापि दुवै पार्टीमा ओली-देउवाले सोचेको जस्तो नहुन पनि सक्छ । माओवादी भन्ने पार्टी यतिबेला छैन । माधव नेपाललगायतका दलसँग मिलेर ‘नेपाली कम्युनिस्ट पार्टी’ बनेको छ । यो पार्टीका नेता प्रचण्ड ‘भावी प्रधानमन्त्री’का अर्का दाबेदार हुन् । तर, यो दलमा प्रचण्डसँगै माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ, भीम रावलजस्ता नेताहरू पनि छन् ।

प्रधानमन्त्रीमा नयाँ अनुहार खोजिरहेका जनतालाई यो पार्टीले अब नयाँ प्रधानमन्त्रीको नाम प्रस्ताव गर्नेछ या उनै प्रचण्डको नाममा चुनाव लड्ने छ ? यो स्पष्ट भइसकेको छैन । के नेपाली कम्युनिस्ट पार्टीले भावी प्रधानमन्त्रीका रूपमा नारायणकाजी श्रेष्ठ, भीम रावल वा अरु कसैलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेर भोट माग्न सक्ला ? कि प्रचण्डलाई नै विकल्प मानेर चुनावमा जाला ? यो प्रश्न पनि अनुत्तरित नै छ ।

तर, जनताले शेरबहादुर, ओली र प्रचण्डलाई एउटै डालोमा हालेर आलोचना गरिरहेको तथ्य पनि अविस्मरणीय नै छ । गत चुनावमा चौथो शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि चुनावमा भाग लिँदैछ । यो पार्टीले जेलमै रहेका रवि लामिछानेलाई नै भावी प्रधानमन्त्रीका रूपमा भोग माग्ने छ या डा. स्वर्णिम अथवा अरु कसैलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गर्ने छ ? यो पनि स्पष्ट भइसकेको छैन । विगतमा के पनि चर्चा चल्ने गरेको थियो भने बालेन र रवि लामिछाने मिल्नेछन् । तर, अहिलेसम्म त्यस्तो दृश्य अगाडि आइसकेको छैन । जेनजी आन्दोलनपछि बालेन शाहको अलोकप्रियता शुरु भएको छ । तैपनि उनी राजनीतिको खेलभन्दा बाहिर छैनन् । भदौ २४ पछि सुशीला कार्कीको ठाउँमा बालेनलाई नै प्रधानमन्त्री बनाउनुपर्छ भन्ने आवाज पनि नसुनिएको होइन । आगामी चुनावपछि ‘बालेनलाई प्रधानमन्त्री बनाउनुपर्छ’ भन्ने आवाज पनि सुनिन सक्छ, तर यो आवाज कुन दलले उठाउँछ, स्पष्ट छैन । रास्वपाले बालेनलाई बोक्छ या बोक्दैन, त्यो पनि खुलिसकेको छैन । रवि लामिछाने कहिले जेलमुक्त होलान्, त्यो पनि स्पष्ट छैन ।

जेनजी आन्दोलनपछि राजनीतिमा आएको ध्रुवीकरणबाट केही नयाँ पार्टीहरू बनेका छन् । यसै सिलसिलामा माओवादीबाट अलग बनेका जनार्दन शर्मा, राम कार्की र सुदन किरातीहरूले डा. बाबुराम भट्टराईको नयाँ शक्ति पार्टीसँग एकता गरेर प्रगतिशील लोकतान्त्रिक पार्टी बनाएका छन् ।

सम्भवतः यो दलले डा. बाबुराम भट्टराईलाई नै भावी प्रधानमन्त्रीका रूपमा प्रस्ताव गर्ने सम्भावना देखिन्छ । तर, यहाँ पनि बाबुराम नै किन ? जनार्दन शर्मा या अरु कसैलाई विकल्पमा रूपमा अघि सार्दा के हुन्छ भन्ने प्रश्न पनि उठ्न सक्छ अहिलेको परिस्थितिमा ।

जेनजी आन्दोलनपछि पनि जेनजीहरूको दल यही नै हो भनेर स्पष्ट भइसकेको छैन । नयाँ-नयाँ पार्टीहरू त खुलेका छन् तर आगामी चुनावमा जेनजीको आधिकारिक प्रतिनिधित्व कुन दलले गर्ला ? यो स्पष्ट छैन ।

तथापि कुलमान घिसिङले बिजुलीको चिम चुनाव चिन्ह राखेर खोलेको ‘उज्यालो नेपाल पार्टी’ नै जेनजीको असली प्रतिनिधि पार्टी बन्ने सम्भावना देखिन्छ । त्यो अवस्थामा कुलमान घिसिङको नाम ‘ भावी प्रधानमन्त्री’ का रूपमा अगाडि आउने सम्भावना देखिन्छ ।

चुनावमा जान निर्वाचन आयोगमा दल दर्ताको लागि ४ दिन समय थप गरिएको छ । रास्वपा र उनेपाबीच चुनावी सहकार्यदेखि पार्टी एकतासम्म हुने गृहकार्य अझै नरोकिएको खबरहरू पनि आइरहेका छन् ।

यस्तोमा लामिछानेलाई एकीकृत पार्टीको अध्यक्ष र घिसिङलाई प्रधानमन्त्री उम्मेदवारको रूपमा अगाडि सार्ने सम्भावना पनि अझै सकिएको छैन ।

आगामी चुनावले कस्तो शक्ति सन्तुलन बनाउने छ भन्ने स्पष्ट छैन । कांग्रेस र एमालेले फेरि पनि आफूहरू नै ठूलो दल बन्ने सोचेको देखिन्छ । कसैको पनि बहुमत आउँदैन भनेर विश्लेषण गर्नेहरू पनि उत्तिकै छन् । तर, पुरानाहरू कमजोर हुने र नयाँ शक्तिको उदय हुने अनुमान पनि गरिँदैछ ।

यो स्थितिमा नेपाली जनताको परिवर्तनको चाहनालाई आगामी चुनावलेअनुमोदन गर्‍यो भने सिंहदरबारमा प्रधानमन्त्रीको कुर्सीमा विगतको भन्दा बेग्लै अनुहार नआउला भन्न सकिँदैन ।

पुरानै पार्टीबाट आइहाले पनि नयाँ व्यक्ति आउन सक्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिँदैन । ओली, देउवा वा प्रचण्ड नै पो फेरि पनि आउने हुन् कि ? चुनावपछि नै थाहा हुनेछ ।

आखिर, जोसुकै आए पनि राजनीतिक दलहरूले जनतासँग भोट माग्न जाँदा दुईवटा चिज कोसेलीका रूपमा लिएरै जानुपर्ने हुन्छ- एउटा नीति, अर्को नेतृत्व ।

चुनावमा जाँदा घोषणापत्र लिएर जानैपर्ने हुन्छ । आगामी चुनाव जितेर के-के गर्ने ? देशलाई कुन बाटोमा लैजाने ?मतदानअघिदलको प्रतिवद्धतासहितको घोषणापत्र हेर्नुपर्ने हुन्छ ।

र, अर्को हो- नेतृत्व । जनतासँग भोट माग्ने पार्टीको नेतृत्व कस्तो छ ? उसले प्रत्यक्ष र समानुपातितर्फ कस्ता उम्मेद्वारहरू, कसरी छानेको छ ? ‘नेपोबेवी’ प्रयोग गरेको छ या योग्य एवं इमान्दारलाई उम्मेद्वार बनाएको छ ?अनि चुनावपछि सरकारको नेतृत्व कसले गर्नेवाला छ ? यी विषयहरू नेतृत्वसँग जोडिएका छन् ।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014